मिति : २०८०/०२/१२, कापा बैठक संख्या:१९-०७९/८०

प्रमाणित
सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरू

१. पकेट निरन्तरता सम्बन्धमा,

२. विविध ।

१. पकेट निरन्तरता सम्बन्धमा

- आ.व. २०७८/७९ मा संघीय शसर्त तर्फ हस्तान्तरित मौरी पकेट निरन्तरता कार्यक्रमलाई नयाँ पकेट स्थापना गरी प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल बमोजिम सञ्चालन गरी यस वर्ष पनि निरन्तरता दिनुपर्ने भएकोले गाउँपालिकाको १२औ गाउँसभाबाट पारित मौरी पकेट निरन्तरता कार्यक्रम (सि.नं. ७५ खर्च शीर्षक नं. २२७११) विनियोजित रकम रू. ५ लाखबाट आरम्भ एग्रो फार्म मौरी पकेट सञ्चालक समिति कञ्चन-३, रूपन्देहीलाई गाउँपालिका कृषि विकास शाखाबाट सिफारिस भए बमोजिम कार्यक्रम सञ्चालन गर्न निरन्तरता दिने ।

२. विविध

- छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धमा

  गाउँपालिका स्थित हरैया बहुमुखी क्याम्पसमा स्नातक तहमा अध्ययनरत गरिव तथा जेहेन्दार विद्यार्थीहरूका लागि निश्चित मापदण्डका आधारमा छात्रवृत्ति वितरणका लागि शैक्षिक संस्थाहरूलाई सहायता शीर्षकबाट क्याम्पसका नाममा रकम रू.७०,०००/- (अक्षरूपी सत्तरी हजार) निकासा उपलब्ध गराउने ।

- अनुदान निकासा सम्बन्धमा

  कञ्चन गाउँपालिका वडा नं. ५ गौडीबजार स्थित श्री शान्तिभूमि आधारभूत विद्यालयका विद्यालय स्रोतमा धेरै शिक्षकहरू भएको र विद्यालयको आम्दानीको स्रोत नभएको कारण शिक्षकहरूलाई ७ महिनादेखि तलब भत्ता भुक्तानी गर्न नसकेको भनि आर्थिक अनुदान माग भएकोले गाउँपालिकाको आ.व. २०७९/८० को स्वीकृत कार्यक्रम खर्च शीर्षक २५३११ सि.नं. ११३ शैक्षिक संस्थाहरूलाई सहायता तथा विभिन्न शैक्षिक संस्थामा कार्यक्रम सञ्चालन खर्च शीर्षकबाट रू.३,००,०००/- अक्षरूपी तीन लाख अनुदान स्वरूप निकासा दिने ।

- विद्यालयमा फर्निचर जडान सम्बन्धमा

  कञ्चन गाउँपालिका अन्तर्गतका श्री ज्ञानज्योति आधारभूत विद्यालय र श्री शिशुसदन आधारभूत विद्यालयमा कम्प्युटर टेबल अभाव भएकोले आवश्यकता अनुसार उक्त विद्यलायहरूलाई नविनतम प्रविधि कार्यक्रम बजेट शीर्षकबाट सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले खरीद गर्ने गरी ७०,०००/- का दरले रकम निकासा दिने ।